

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख ३ गते सोमबार ❑ 15 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## खेलकुदका माध्यमबाट दक्ष जनशक्ति उत्पादन : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले सरकारले सक्षम, दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादनलाई प्राथमिकता दिएको बताउनुभएको छ।

त्यसका लागि मानव जीवनका लागि महत्वपूर्ण पक्ष रहेको खेलकुद विकास पहिलो सर्तका रूपमा रहेको उहाँले बताउनुभयो । काठमाडौँमा यही वैशाख ४ गतेदेखि सुरु हुने १४औँ केन्द्रस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिता जनाउने गण्डकी प्रदेशका खेलाडीलाई आज पोखरामा बिदाइ गर्दै उहाँले खेलाडीलाई उच्च मनोबलका साथ अनुशासित भएर प्रदेशको शान माथि उठाउने गरी खेल्न र सफलता प्राप्तिको शुभकामना दिनुभयो।

मुख्यमन्त्री अधिकारीले भन्नुभयो, "गण्डकी प्रदेशको शान माथि उठाउने गरी मैदानमा अनुशासित बनेर खेल्नुहुनेछ भन्ने विश्वास लिएको छु, गण्डकी प्रदेशको इज्जतका लागिसमेत यहाँहरूलाई सफलता प्राप्त होस् ।" प्रदेश सरकार सक्षम जनशक्ति उत्पादनको अभियानमा लागेको मुख्यमन्त्री अधिकारीले बताउनुभयो । "मान्छेलाई रोग लाग्नु दिनु हुँदैन, रोग लाग्न दिनुभन्दा अघि नै 'प्रिभेन्सन' आवश्यक छ, स्वस्थ नागरिकबाट उत्पादकत्व वृद्धि हुन्छ, सरकार सक्षम जनशक्ति उत्पादनमा लागेको छ, त्यसका लागि खेलकुदको विकास पहिलो सर्त हो", मुख्यन्त्री अधिकारीले भन्नुभयो।

कार्यक्रममा मुख्यमन्त्री अधिकारीले राष्ट्रपति रनिङ शिल्डमा सहभागी हुने खेलाडीलाई टीका लगाएर बिदाइ गर्दै प्रदेश खेलकुद परिषद् गण्डकीको लोगो अङ्कित झन्डा हस्तान्तरण गर्नुभएको थियो। राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा सञ्चालन हुने केन्द्रीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यही वैशाख ६ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा गण्डकी प्रदेशबाट ९८ खेलाडीसहित प्रशिक्षक र 'टिम म्यानेजर' गरी एक सय १५ जनाको सहभागिता रहने प्रदेश खेलकुदका कार्यालय प्रमुख तोपलाल भुसालले जानकारी दिनुभयो। रनिङ शिल्ड प्रतियोगितामा छात्र/छात्रा भलिबल, एथलेटिक्स, कबड्डी, तेक्वान्दो, उसु र करातेतर्फका खेलमा प्रतिस्पर्धा हुनेछ। राष्ट्रिय खेलकुद परिषद्का अनुसार प्रतियोगितामा सात प्रदेशबाट छ सय ८६ खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् । विभिन्न छ खेलमा ६६ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ।

## पोखराको पेट्रोल पम्पमा पेट्रोल हाल्ने क्रममा स्कुटरमा आगलागी

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख



पोखरामा पेट्रोल भर्ने क्रममा एक स्कुटरमा आगलागी हुँदा ठुलो क्षति हुनबाट बचेको छ।

पोखरा २९ शिशुवा स्थित बिन्ध्यावासिनी आयल स्टोरमा पेट्रोल भर्ने क्रममा आइतबार दिउँसो ग८प ८२१८ नम्बरको स्कुटरमा आगलागी हुदाँ ठुलो क्षति हुनबाट बचाउन सफल भएको स्थानीयले बताउनुभयो।

आगलागी हुन साथ स्थानीय र शिशुवा प्रहरी चौकीको टोलीले समयमै आगो नियन्त्रणमा लिन सफल हुदाँ पम्प सहितको बस्तीलाई बचाउन सफल भएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रवक्ता डिएसपी वसन्तकुमार शर्माले बताउनुभयो। पेट्रोल भर्ने क्रममा उक्त स्कुटर अत्याधिक तातो भएको कारण पेट्रोल भर्दा आगलागी भएको हुन सक्ने आशंका गरिएको छ। उक्त स्कुटर जलेर पूर्ण रुपमा क्षति भएको कास्की प्रहरीले जनाएको छ । आगलागीबाट मानविन क्षति नभएको तथा पम्प क्षेत्रमा आगलागी हुनबाट बचाउन सकिएको हो । उक्त घटनाको बारेमा अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

## धवलागिरि र अन्नपूर्ण आरोहणका लागि ४० जनालाई अनुमति

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ बैशाख

चालु वसन्तयाममा म्याग्दीमा रहेका धवलागिरि र अन्नपूर्ण हिमाल आरोहणका लागि ४० जनाले अनुमति लिएका छन्।

धवलागिरि गाउँपालिका-४ मा रहेको विश्वको सातौँ (८,१६७ मिटर) अग्लो धवलागिरि हिमाल चढ्न १५ र अन्नपूर्ण गाउँपालिका-४ मा रहेको (८०९१ मिटर) अग्लो अन्नपूर्ण प्रथम हिमाल आरोहणका लागि २५ जनाले अनुमति लिएका पर्यटन विभागले जनाएको छ।

विभागका वरिष्ठ अधिकृत दिलीपकुमार मर्हजनका अनुसार धवलागिरि आरोहणका लागि एक वटा समूहका १० जना पुरुष र पाँच जना महिला तथा अन्नपूर्ण आरोहणका लागि तीन वटा समूहका १४ जना पुरुष र ११ जना महिलाले अनुमति लिएका हुन् । धवलागिरि आरोहण अनुमतिवापत रु ३५ लाख ७० हजार आठ सय ४० र अन्नपूर्ण आरोहण अनुमति वापत रु ५९ लाख ६१ हजार सात सय ८० रोयल्टी (सलामी दस्तुर) सङ्कलन भएको विभागले जनाएको छ। विदेशी र स्वदेशी आरोही, शेर्पा, पथप्रर्दशक, भरिया र सहयोगी आधार शिविर पुग्न थालेका धवलागिरि गाउँपालिका-४ का वडा सदस्य हरिप्रसाद तिलिजाले बताउनुभयो।

अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले अन्नपूर्ण प्रथम हिमालको आधार शिविरमा आरोही र पर्यटकको चहलपहल बढेको बताउनुभयो । गत शरदयाममा चार वटा समूहका १२ जना पुरुष र ११ जना महिला पर्वतारोहीले धवलागिरि हिमाल आरोहणका लागि अनुमति लिएका थिए । शरदयाममा अन्नपूर्ण हिमाल आरोहण गर्न कसैले पनि अनुमति लिएका थिएनन्। यसैबीच अस्ट्रेलीयाकी ४७ वर्षीया पर्वतारोही एली पेपरले आइतबार दिउँसो १२ बजेर ७ मिनेटमा अक्सिजन बिना अन्नपूर्ण प्रथम हिमालको आरोहण गर्नुभएको छ। पेपरले सेभन समिट ट्रेकका पथप्रर्दशक मिकेल शेर्पा र निमा शेर्पाको सहयोगमा अक्सिजन विना अन्नपूर्ण आरोहण गर्नुभएको सभेन समिट ट्रेक्सका अध्यक्ष मिङ्मा शेर्पाले बताउनुभयो।

शेर्पाका अनुसार नेपाली पर्वतारोही १७ वर्षीय निमा रिन्जी शेर्पाले ४ दिनअघि अक्सिजन बिनै अन्नपूर्णको सफल आरोहण गर्नुभएको थियो । पेपरले दुई वर्षभित्र विश्वका आठ हजार मिटर अग्ला १४ वटा हिमाल आरोहण गर्ने लक्ष्य राख्नुभएको छ। पर्यटन विभागको पछिल्लो विवरण अनुसार चालु यामका लागि नेपालका १९ वटा हिमाल आरोहण गर्न ४० देशका पाँच सय १२ जनाले अनुमति लिएका छन् । उनीहरूबाट रु ३४ करोड ४३ लाख ९९ हजार छ सय ५६ रोयल्टी सङ्कलन भएको विभागले जनाएको छ।

## ठूलाकोटस्थित काल भैरवमा रोट पकाउने पर्व

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

कास्कीको पोखरा महानगरपालिका-२८ ठूलाकोटस्थित काल भैरव मन्दिरमा यस वर्षको चैते दसैँका अवसरमा यही वैशाख ४ गते रोट पकाउने पर्व मनाइने भएको छ।

वर्षको दुई पटक आश्विन शुक्ल पक्षको दसैँ र चैते दसैँमा भैरवको पूजापाठ गर्ने प्राचीन परम्परालाई निरन्तरता दिँदै यस वर्ष चैत्राष्टमीका अवसरमा विशेष पूजाआजा गर्न लागिएको पीठाधिश वसन्तनाथ योगीले जानकारी दिनुभयो। वि सं २०८१ मा तीन दसैँ पर्ने भएकाले यस वर्षमा भैरवले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'जनता पुस्तकालय' सञ्चालनमा

**पोखरापत्र संवाददाता**
वालिङ, २ बैशाख

पञ्चायतकालमा बन्द भएको जनता पुस्तकालय सञ्चालनमा आएको छ । वालिङ नगरपालिका- १ ठाँटीमा विसं २०२७ मा स्थापना भएको जनता पुस्तकालय तत्कालीन पञ्चायती व्यवस्थाका कारण छ महिना नपुग्दै बन्द भएपछि हाल वडा कार्यालयको पहलमा सञ्चालनमा ल्याइएको हो।

तत्कालीन समयमा प्रजातन्त्रका सेनानी सूर्यप्रसाद रेग्मीको पहलमा स्थापना भई पञ्चायती व्यवस्थाका कारण बन्द गराइएको पुस्तकालयलाई नयाँ वर्षका दिनबाट खहरेस्थित वडा कार्यालयमा सञ्चालनमा ल्याइएको वडाध्यक्ष पदमराज गुरुङले बताउनुभयो । "तत्कालीन समयमा जनतालाई पञ्चायती शासन व्यवस्थाका बारेमा जानकारी दिनका लागि पुस्तकालयले महत्वपूर्ण भूमिका खेलेको थियो", उहाँले भन्नुभयो, "तत्कालीन समयमा महत्वपूर्ण भूमिका खेलेको पुस्तकालयको महत्व अहिले पनि उत्तिकै समय सान्दर्भिक रहेको ठानी पुस्तकालयलाई ब्यूँताएका छौँ ।" पुस्तकालयमा विभिन्न सङ्घसंस्था तथा दाताले उपलब्ध गराएका शैक्षिक, धार्मिक, सामाजिक, नैतिक शिक्षा, कानुनसम्बन्धी तथा प्राविधिक धारका विषयका पुस्तक राखिएका छन्। "अहिले वडा कार्यालयको एउटा कोठामा राखेर सुरुआत गरेका छौँ", उहाँले भन्नुभयो, "पुस्तकालयको जग्गा रहेकाले अब छिट्टै भवन निर्माण गर्ने र नयाँ पुस्तक थप गर्नका लागि दाताहरूसँग समन्वय भइरहेको छ ।" पुस्तकालयलाई आधुनिकीकरण र प्रविधिमैत्री बनाउँदै लैजाने उहाँले बताउनुभयो। नागरिकमा पढ्ने बानीको विकास गर्नका लागि पनि पुस्तकालयले महत्वपूर्ण भूमिका खेल्ने नगर प्रमुख कृष्ण खाणले बताउनुभयो। विसं २०२७ मा स्थापना भई बन्द भएको पुस्तकालय ढिलै भए पनि सञ्चालनमा ल्याइएको नगर प्रमुख खाणले बताउनुभयो।

बाँकी अन्तिम पृष्ठमा ▶▶


## लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं

- ◆ लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं।
- ◆ राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं।
- ◆ कानूनी शासन सुनिश्चित गरौं।
- ◆ व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं।
- ◆ लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं।
- ◆ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं।
- ◆ संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं।
- ◆ लोकतन्त्र दिवस भव्य र सभ्य रुपमा मनाऔं।


नेपाल सरकार
विज्ञापन बोर्ड


## चट्याङ लागेर पर्वतमा दुई जनाको मृत्यु

**रासस**
पर्वत, २ बैशाख

पर्वतको मोदी गाउँपालिकाका दुई छुट्टाछुट्टै स्थानमा शनिबार साँझ परेको चट्याङ लागेर दुई जनाको मृत्यु भएको छ। मोदी-१ भुकताङ्लेमा एक महिला र वडा नं ७ राम्जादेउरालीमा एक पुरुषको मृत्यु भएको हो।

भुकताङ्लेका ५८ वर्षीया प्रेमकुमारी शाही र राम्जादेउरालीस्थित स्थानीय जीवनज्योति प्राविका बहालवाला शिक्षक ५७ वर्षीय शालिकराम तिमिल्सिनाको चट्याङ लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक अविनाशदिप केसीले जानकारी दिनुभयो । उहाँका अनुसार शनिबार साँझ ६.३० बजे आफ्नै घरको पिँढीमा चट्याङ लागेर अचेत बनेका तिमिल्सनालाई उपचारका लागि पोखरास्थित गण्डकी मेडिकल कलेजमा लगिएकामा चिकित्सकले मृत घोषणा गरेका थिए। हावाहुरी, र वर्षा भइरहेका बेला तिमिल्सिना भैँसी दुहुनका लागि गोठमा जान पिँढीमा निस्कँदा एक्कासि चट्याङ लागेको थियो। त्यसैगरी चट्याङ लागेर घाइते भएपछि पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा पुऱ्याइएकी शाहीलाई पनि चिकित्सकले मृत घोषणा गरेका प्रहरी निरीक्षक केसीले जानकारी दिनुभयो । प्रहरीको टोली अहिले दुवै घटनास्थलमा मुचुल्काका लागि पुगेको र थप विवरण पछि आउने उहाँले बताउनुभयो । शनिबार साँझ परेको वर्षासँगैको असिनाले पनि पर्वतको मोदी गाउँपालिकामा ठूलो नोक्सानी पुऱ्याएको छ । सुन्तलाको पकेट क्षेत्र रहेको वडा नं २ देउपुरमा भर्खरै फल लाग्न थालेका सुन्तला झारेर नष्ट गरिदिएको स्थानीय प्रकाश चापागाईंले जानकारी दिनुभयो।

# पोखरामा श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ-२०८१ सुरु

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख



श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ २०८१ पोखरा प्रर्दशनी केन्द्रमा सोमबारदेखि सुरु भएको छ।

ज्ञानमहायज्ञको उद्घाटन अगाडि पोखराको सेती नदी स्थित गाईघाटबाट शान्ती कलश सहितको शोभा यात्रा तथा बाजागाजा सहितको धार्मिक झाँकीले बजारको विभिन्न ठाउँको परिक्रममा गर्दै महायज्ञ स्थलमा पुगेको थियो।

सो महायज्ञको उद्घाटन गर्नुहुदै गलेश्वर आश्रम देवघाटधाम तनहुँका पीठाधिश अनन्तश्रीविभूषित स्वामी आत्मानन्द गिरी महाराजले गर्नुहुदै धर्म, संस्कार र संस्कृतिको संरक्षणमा यस महायज्ञले टेवा पुर्‍याउने बताउनुभयो। उहाँले ज्ञानभुमी काशीलाई स्मरण गराउने कास्की कश्यप ऋषिको तपोभुमि रहेको बताउनुहुदै लोककल्याण तथा विशुद्ध आध्यात्मिक साधानाको उद्देश्यमा केन्द्रित महायज्ञ रहेको उल्लेख गर्नुभयो। ज्ञानमहायज्ञका प्रमुख भागवत वाचक हरिहर सन्यास आश्रम, देवघाटधाम तनहुँका पीठाधिश अनन्तश्रीविभूषित स्वामी ज्ञानान्द सरस्वतीजी महाराज, महेश सन्यास आश्रमका पीठाधिश श्री रमणान्द गिरी महाराज, श्री १००८ स्वामी केशवानन्द गिरीजी महाराज सहित ११ जना स्वामी लगायतको उपस्थित रहेको छ। ज्ञानमहायज्ञ सम्पादन समितिका अध्यक्ष लक्ष्मण पौडेल, सह-अध्यक्ष महेश पराजुली, उपाध्यक्ष सूर्यप्रसाद भण्डारी, राप्रपाका नेता रविन्द्र मिश्र, नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बराल, पूर्व सभापति सोभियत अधिकारी लगायतले सनातन धर्म र भागवत्को प्रभावले नै विश्वमा लोकको कल्याण हुनको साथै विश्वमा शान्ति फैलने बिषयमा जोड दिनुभएको थियो।

सामाजिक, धार्मिक सद्भाव र सहिष्णुता बृद्धि गर्ने हिसाबले आयोजना गरिएको ज्ञानमहायज्ञ बैशाख १० गतेसम्म संचालन हुने छ। बैशाख ३ गतेदेखि ९ गतेसम्म पाठ परायण, प्रवचन तथा अनुष्ठान हुने र १० गते अन्तिम दिन महायज्ञको पूर्णाहुति एवं अभिषेक सहित प्रसाद वितरण गरी महायज्ञको समापन हुने आयोजकले जनाएको छ।

# आलुको पहाडसँगै सेल्फीको मञ्जा

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख



१२ औं राष्ट्रिय हेमजा आलु महोत्सव अन्त्यतिर आइरहदाँ त्यहाँ आलुको पहाडसँग तस्विर खिचाउनेहरुको बाक्लो उपस्थिती देखिन्छ।

कतिपय सेल्फीमा रमाएको भेटिन्छ भने कतिपयलाई आलुको पहाडसँग माया साट्दै तस्विर कैद गर्न भ्याइनभ्याई छ। यतिसम्मकी महोत्सवमा पुग्ने प्राय सबैले पहाडसँगै आ आफ्नो तस्विर खिच्ने गरेका छन् र सामाजिक संजालमा राख्ने पनि।

चैत २५ गतेबाट सुरु महोत्सव यहि वैशाख ५ गतेसम्म चल्नेछ।यतिवेला महोत्सवको मुख्य आकर्षणका रुपमा आलुको पहाडसँग तस्विर खिच्ने कार्य हुन पुगेको छ। तस्विर खिच्न बुढा, पाका देखि अनुज एवम् तन्नेरी पुस्ता समेत हैसिएका छन्।सम्झना पनि हुन्छ, कृषि उपजका नाममा महोत्सव हुनु आफैमा महत्वपूर्ण पनि छ, हेमजा कृषिका लागि उर्वर भूमि हो शुक्रवार पहाडसँगै तस्विर कैद गर्दै गरेका पोखरा २१ का सुरेन्द्र पोखेलले बताए। आइतवारसम्म ४८ हजार दर्शक बढीले आलु महोत्सव अवलोकन गरेकोमा २ हजार ५ सय ४ घरपरिवारले आलु खरिद गरी लगेको कृषि उपज व्यवस्थापन उपसमितिका संयोजक जयराम तिम्सिनाले जानकारी दिए। उनले हालसम्म २७ लाख बढीको आलु कारोवार भएको पनि बताए। महोत्सव अन्तर्गत आइतवार हेमजा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित भित्तेपात्रो लोकार्षण गरिनुका साथै कलाकारहरु प्रजापती पराजुली, राजु परियार, सरला पाण्डे, कुमार पुन, राजन कार्की, मञ्जु विक र निश्चल थापाका प्रस्तुतिहरु रहे।त्यस्तै सोमवार प्रकाश दुतराज, पुरुणोत्तम न्यौपाने, पूर्णकला विसी, प्रिन्स लम्साल, वसन्ती थापाका प्रस्तुतिहरु रहने आयोजकले जनाइएको छ।

भित्तेपात्रो लोकार्षण गर्दै पोखरा महानगरपालिका प्रवक्ता समेत रहेका वडाध्यक्ष मोतिराज तिम्सिनाले आलु महोत्सव समग्र पोखरेलीको चाड भएको उल्लेख गर्दै यसलाई सुधार्दै लैजानुपर्ने बताए। उनले हेमजा साहित्य प्रतिष्ठानका गतिविधिको प्रशम्सा समेत गरे। त्यस्तै महोत्सवमा भजन प्रतियोगिता पनि जारी छ।भजनतर्फ आइतवार माछापुच्छ्रे सेवा समाजले प्रस्तुति राख्यो। महोत्सवमा आलु लगायत अन्य सामग्री समेत गरी आइतवारसम्म करिव साढे २ करोडको कारोवार भएको मूल आयोजक समितिका अध्यक्ष सुविन श्रेष्ठले जानकारी दिए।

महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन, माटो र बोटबिरुवाको परीक्षण तथा रोगको निदान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, कृषि विज्ञ र किसानबीच अन्तर्क्रिया, विभिन्न कृषि उपज, बिउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार, रत्यौली गीत प्रतियोगिता, हास्य व्यङ्ग्य एवम् लाइभ पप कन्सर्ट लगायत रहेका छन्।

# छोरेपाटन माविका शिक्षकहरुलाई अभिभावक शिक्षा तालिम

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख



पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटनमा रहेको छोरेपाटन माविका शिक्षकहरुलाई पाँच दिने अभिभावक शिक्षा तालिम आईतबारदेखि सुरु भएको छ।

तालिमका पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले प्रशिक्षक लक्ष्मी शर्मालाई तालिमको कोर्षबुक हस्तान्तरण गरि कार्यक्रमको उद्घाटन गर्दै उनले पढ्ने विद्यार्थीहरु र पढाउने शिक्षकहरु हरेक दिन अपडेट हुनु पर्ने र अपडेट हुनका लागि रिफ्रेसमेन्ट अनिवार्य रहेको वताउँदै अभिभावक शिक्षा तालिमले शिक्षाको गुणस्तरमा वृद्धि हुने अपेक्षा गरेका थिए। सो अवसरमा विद्यालयका सल्लाहकार भेषराज वराल, तिर्थराज अधिकारी, शिक्षक अभिभावक संघका सदस्य देवि प्रसाद वस्याललगायतले वोलेका थिए। विद्यालयका ३५ जना शिक्षकहरुको लागि दिइने उक्त तालिममासहजिकरण युनिसेफ नेपाल की अभिभावक शिक्षा सम्बन्धि प्रशिक्षक लक्ष्मी शर्माले गर्ने सहप्रधानाध्यापक खेमराज वरालले वताए।

विद्यालयका प्रधानाध्यापक डिल्लिराम शर्माको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षक अभिभावक संघका अध्यक्ष इन्द्रबहादुर खत्रीले धन्यवाद ज्ञापन र संचालन सहप्रधानाध्यापक मेघनाथ पौडेले गरेका थिए।

# यूनाइटेड क्लबद्धारा शुक्रराज बलभद्र स्कुलमा खेलकुद सामाग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख



१४ औं वार्षिकोत्सवको अवसर पारी यूनाइटेड क्लबले आफ्नो साताब्यापी कार्यक्रम अन्तर्गत आइतबार पोखरा १४ छिनेडांडामा रहेको शुक्रराज बलभद्र माविमा खेलकुद सामाग्री वितरण गरेको छ।

विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी आयोजना गरिएको खेलकुद सामाग्री वितरण कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं १४ का अध्यक्ष बोध बहादुर कार्कीले यूनाइटेड क्लबले पोखरा महोत्सवको आयोजना गरी सामाजिक काममा अगाडी वढिरदा आफ्नो वडामा रहेको विद्यालयलाई खेलकुद सामाग्री वितरण गरेकोमा धन्यवाद ब्यक्त गरे।

आगामी दिनमा यूनाइटेड क्लबले सामाजिक काम संगै देशमा विद्यमान अवस्थाहरुलाई मध्यनजर गरी कार्यक्रमहरु अगाडि वढाउनुपर्नेमा समेत जोड दिए। सो अवसरमा वोल्दै यूनाइटेड क्लबका संस्थापक अध्यक्ष हिमालय बखेलले पोखरा महोत्सव विशुद्ध सामाजिक कामकै लागि आयोजना गरिने भएकाले पोखरा महोत्सवको आम्दानीबाट बचत रकममध्ये केही रकम विभिन्न सामुदायिक विद्यालयहरुमा शैक्षिक, खेलकुद सामाग्रीहरु वितरण गर्दै आइरहेको वताए। त्यस्तै विद्यालयका प्रध्यानाध्यापक नारायण प्रसाद भण्डारीले यूनाइटेड क्लव पोखरामा स्थापित भइकन राष्ट्रिय स्तरको क्लबका रुपमा आफुलाई चिनाउन सफल रहेको वताउदै यूनाइटेड क्लबले आफ्नो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई लक्षित गरी खेलकुदका सामाग्री वितरण गरेकोमा धन्यवाद ब्यक्त गरे। यूनाइटेडको सहयोगले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुदको बिकासमा टेवा पुग्ने उनको भनाइ रहेको थियो।

सो अवसरमा वोल्दै यूनाइटेड क्लबका कार्यसमिति सदस्य तथा खेलकुद सामाग्री वितरण कार्यक्रमका संयोजक सन्तोष कार्कीले यूनाइटेड क्लबले स्थापना कालदेखीनै वार्षिकोत्सवको अवसरमा विभिन्न विद्यालयहरुमा शैक्षिक तथा खेलकुद सामाग्रीहरु वितरण गर्दै आइरहेकोमा १४ औं वार्षिकोत्सवमा शुक्रराज बलभद्र स्कुलमा अध्ययनरत विद्यार्थीहरुको खेलकुदको बिकासमा केही थप मदत होस भन्ने अभिप्रायले खेलुकद सामाग्री वितरण गरिएको वताए। निर्माण समितिको संयोजक ब्यवस्थापन समिति संयोजक तिकलराम लम्सालले यूनाइटेड क्लबको सहयोगले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई राहत पुग्ने बताए।

यूनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठल पोखरा महोत्सव सफल बनाउन वडा नम्बर १४ वासीको समेत ठूलो देन रहेको बताए। यूनाइटेड क्लवले आगामी दिनमा पर्यटकीय गन्तब्य निर्माणलाई जोड दिने वताउदै वडा नम्बर १४ संग सहकार्य गरी वडा भित्र पर्यटकीय गन्तब्य निर्माण गर्न आफुहरु तयार रहेको वताए। यूनाइटेड क्लबका वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य राखेको कार्यक्रमको सञ्चालन क्लबका महासचिव दिनेश सुनारले गरेका थिए। साताब्यापी कार्यक्रम अन्तर्गत सोमबार लेखनाथ २७ अर्चलेमा रहेको कविशिरोमणी आधारभुत विद्यालयमा शैक्षिक सामाग्री वितरण गर्ने कार्यक्रम रहेको महासचिव सुनारले जानकारी दिए।

## ठूलाकोटस्थित ...

पृथ्वीको भ्रमण गर्ने प्राचीन किंवदन्तीसमेत रहेको बताउँदै उहाँले भैरवलाई खुसी पार्न विशेष प्रकारको रोट पकाउने र चढाउने प्रचलनअनुसार विभिन्न सामग्री मिसाएर तयार पारिएको एक पाथि पिठो बराबरको रोट पकाउने योजना रहेको उहाँको भनाइ छ।

भैरवका नाममा बनाएको रोट प्रसाद खाँदा नयाँ वर्ष फलदायी बन्ने, अन्नबाली राम्रो हुने, रोगब्याधी नलाग्ने प्राचिन मान्यता रहेको छ। चामल, आटाको पिठो, नरिवल, छोडा, ल्वाङ, सुकुमेल, दालचिनी, मिठासुप, चिनी, काजु, अलैंची, मरिच, ध्यू, गाईको दूध लगायतका सामग्री प्रसादको रूपमा जम्मा गरी वैदिक विधिपूर्वक यज्ञ मण्डपमा रोट पकाएर भैरवलाई चडाउने प्रचलन छ।

अष्टमीकै दिनमा ठूलाकोट काल भैरव मन्दिरमा चण्डी पाठसहित भैरवको कार्य क्षेत्रभित्र कलश यात्रा निकालिने कार्यक्रम रहेको मन्दिर संरक्षण समितिका अध्यक्ष तिलकशाली अधिकारीले जानकारी दिनुभयो।


## जनता ...

"तत्कालीन समयमा जनतालाई सुसूचित गराउनका लागि स्थापना भएको पुस्तकालय लामो समय टिक्न सकेन", उहाँले भन्नुभयो, "पञ्चायती व्यवस्थाका कारण बन्द गराइएको पुस्तकालय पुनः सञ्चालनमा आएको छ, अब यसको निरन्तरताका लागि नगरपालिकाले आवश्यक सहयोग गर्छ।" पुस्तकालयलाई व्यवस्थित बनाउन पुस्तक थप गर्ने र पुस्तकालय भवन निर्माण कार्यका लागि नगरपालिका प्रतिबद्ध रहेको उहाँले बताउनुभयो। 'एक वडा, एक पुस्तकालय' निर्माण गर्न आगामी आर्थिक वर्षमा नीति, कार्यक्रम र बजेटको समेत व्यवस्था गर्ने तयारीमा नगरपालिका रहेको छ।

जनतालाई ज्ञान सूचना तथा शिक्षा दिने उद्देश्यसहित स्थापित पुस्तकालय लामो समय बन्द भई पुनः सञ्चालनमा आएसँगै स्थानीय खुसी छन्।

अब यसको निरन्तरता तथा दीगोपना आवश्यक रहेको भन्दै फुर्सदका समयमा पुस्तकालयमा आई पढ्ने बानीको विकासमा सहयोग पुग्ने विश्वास स्थानीयले गरेका छन्।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीन्छु ।
- जर्ज बार्वर

## सम्पादकीय

# क्यालेन्डरमा नचली अधिवेशन अन्त्य

प्रतिनिधिसभाको चालु अधिवेशन अन्त्य भएको छ। प्रतिनिधिसभा बैठकमा सभामुख देवराज घिमिरेले सो जानकारी गराएका थिए। राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्र वाचन गर्दै उनले विधेयक अधिवेशनका रूपमा लिइने संसद्को हिउँदे अधिवेशन आइतबार राति १२ बजेदेखि अन्त्य हुने जानकारी गराए। गएको माघ २२ गते सुरु प्रतिनिधिसभाको तेस्रो अधिवेशन ७० दिन चालु रह्यो। यो अवधिमा २३ दिनमा २३ पटक बैठक बस्यो। २३ दिनमा ८१ घण्टा ५५ मिनेट संसदीय काम-कारबाहीमा व्यतीत भएको संघीय संसद् सचिवालयले जानकारी गराएको छ। हिउँदे अधिवेशनमा प्रतिनिधिसभामा पाँच सरकारी विधेयक दर्ता गरिएको थियो । तीमध्ये निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० समितिमा विचाराधीन रहेको छ। यस्तै, संघीय निजामती सेवा विधेयक, २०८० माथिको सामान्य छलफल समाप्त भएको र राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८० र बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८० सभामा प्रस्तुत भएको छ।

"आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८० दर्ता मात्रको स्थितिमा रहेको छ। साथै, सभामा उत्पत्ति भएको सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयकमाथि राष्ट्रियसभाबाट गरिएको संशोधनलाई प्रतिनिधिसभाले स्वीकार गरी पारित गरेको छ। यो अधिवेशनमा राष्ट्रियसभामा उत्पत्ति भएको तीन सरकारी र एउटा गैरसरकारी विधेयक प्रतिनिधिसभामा प्राप्त भएको थियो। तीमध्ये विद्युतीय व्यापार विधेयक, २०८० माथिको सामान्य छलफल सकिएको छ। बाँकी तीन विधेयक सभामा प्रस्तुत भएको सभामुखले जानकारी गराए। यसैगरी, सभाको पहिलो र दोस्रो अधिवेशनमा राष्ट्रियसभाबाट प्राप्त आठमध्ये अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ सभाबाट पारित भएको उनले जानकारी गराए। "बाँकी ६ वटा विधेयक सम्बन्धित समितिमा विचाराधीन नै रहेका छन्। यसरी सभाबाट यो अधिवेशनमा कुल तीनवटा विधेयक पारित भएका छन।यश अधिवेशनमा फागुन ६ र चैत ६ गतेका बैठकहरूमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सञ्चालन गरिएको थियो। त्यसक्रममा २६ सांसदले प्रश्न सोधेको र प्रधानमन्त्रीले जवाफ दिएका थिए।

यस्तै, प्रतिनिधिसभाको चालु अधिवेशनमा विभिन्न मन्त्रालयसँग सम्बन्धित ६५ मौखिक र आठ लिखित प्रश्न दर्ता गरिएको तीमध्ये ३२ मौखिक र दुई लिखित प्रश्नको उत्तर प्राप्त भएको छ। "सभाको २०८० चैत २० गतेको बैठकमा ६ वटा मौखिक प्रश्नहरूको सम्बन्धित मन्त्रीबाट उत्तर दिने कार्य सम्पन्न भयो भने प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ४५ को उपनियम (३) बमोजिम उत्तर प्राप्त भएका बाँकी मौखिक र लिखित प्रश्नहरूको उत्तर सभामा टेबुल भएका छन। संसद्को यो अधिवेशनमा प्रतिनिधिसभाअन्तर्गतको महिला तथा सामाजिक मामिला समितिको वार्षिक प्रतिवेदन, २०८० पेस गरिएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले दुईपटक, उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले दुईपटक र खानेपानीमन्त्री महिन्द्र राय यादव एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले एकपटक आकस्मिक, शून्य एवं विशेष समयमा उठेका प्रश्नको सम्बन्धमा जवाफ दिएकी थिइन।प्रतिनिधिसभा फागुन ३० गतेको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वासको मत लिएका थिए।

यस्तै, सभाको दोस्रो अधिवेशनबाट प्राप्त दुई सन्धि-सम्झौतामध्ये बिम्स्टेक बडापत्रलाई चैत २० गते सभाको बैठकबाट अनुमोदन गरिएको। साथै, अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आईएसए)को स्थापनासँग सम्बन्धित सम्झौतामाथिको सामान्य छलफल सकिएको छ। गएको फागनु १४ गतेको बैठकमा पेस गरिएको आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि छलफल सकिएको छायसपटक क्यालेन्डर बनाएर बैठक चलाउन खोजिएको थियो ।सबै दलको सहमतिमा बनेको क्यालेन्डर अनुसार सभामुखले बैठक चलाउँदै आएका हुन। जब प्रधानमन्त्रीले काङ्ग्रेसको गठबन्धन छोडेर एमालेसँग गठबन्धन बनाउने निर्णयपछि काङ्ग्रेस सरकार विरुद्ध उत्रियो।गृहमन्त्री रबी लामिछानेको सहकारीको रकम अपचलन गरेको मुद्दा झिकेर सदन अबरुद्ध पार्दै आयो। काङ्ग्रेसको अबरोधले गर्दा हिउँदे अधिवेशन एक साताअघिनैअन्त्य हुन पुगेको हो। काङ्ग्रेसको कुण्ठा र प्रतिशोधको कारण सदन प्रभावकारी हुन सकेन।सदनलाई प्रभावकारी र मर्यादित तरिकाले चलाउन सत्ता पक्ष र प्रमुख विपक्षी सहमतिमा आउनुपर्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# भुमिअधिकार तथा श्रमिक संगठनको शुभकामना आदानप्रदान



पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

भुमिअधिकार तथा श्रमिक संगठन कास्कीको आयोजनामा आइतबार नव वर्ष २०८१ सालको अवसरमा शुभकामना आदानप्रदान तथा भित्तेपात्रो विमोचन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि नेकपा एमाले गण्डकी प्रदेश कमिटिका सचिव धनन्जय दवाडीले उद्घाटन गरेका थिए भने नेकपा एमाले कास्कीका सचिव दर्शन लामा, संगठनका प्रदेश इन्चार्ज लक्ष्मी प्रसाद अधिकारी, संगठनका प्रदेश अध्यक्ष प्रेम बहादुर गुरुङ, स्याङजा जिल्ला कमिटि अध्यक्ष ज्ञानेश्वर वस्ताकोटी लगायतले शुभकामना व्यक्त गरेका थिए। पोखरा १५ शिबशक्ति तमु समाज भवनमा अध्यक्ष टेक बहादुर पुनको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपसचिव विजय शाहीले र संचालन सचिव मोहन गुरुङले गरेका थिए।


## सार्वजनिक सूचना

बागलुङ जिल्ला भकुण्डे-८ बस्ने उमादेवी थापाको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २९ को कित्तानं. ४९१५ को क्षेत्रफल०-५-१-१ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. ५६३० का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३ गैरागाउँमा आरुबोट धम्डाको चौर सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः आरुबोट धम्डाको चौर सडक स्तरोन्नति
ठेगानाः पोखरा-३३, गैरागाउँ
योजना सम्झौता मितिः २०८०/११/०३ गते
योजना शुरु हुने मितिः २०८०/११/०४ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. २२,२३,२७०।५०
महानगरपालिकाबाटः रु. २०,००,०००/-
जनसहभागिताबाटः रु.२,२३,२७०।५०
अध्यक्षः विजय प्रसाद आचार्य सम्पर्क नं.: ९८४६५२९२८८
सचिवः रघुनाथ आचार्य, कोषाध्यक्षः सरस्वती आचार्य

**आरुबोट धम्डाको चौर सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-३३, गैरागाउँ**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२ मा रहेको भगवती आधारभुत विद्यालयको खेल मैदान (रिटेनिङ वाल) निर्माण गर्दा भएको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पादर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : भगवती आधारभुत विद्यालय खेल मैदान निर्माण
**उपभोक्ता समितिको नाम** : भगवती आधारभुत विद्यालय खेल मैदान निर्माण उपभोक्ता समिति, पोखरा-२२, कालाबाङ घर्रेडि
**योजना सम्झौता मिति** : २०८०/१०/०५ गते
**काम सुरु मिति** : २०८०/१०/०६ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/१२/१५ गते
**महानगरपालिकाबाट** : रु. १०,००,०००/-
**जनसहभागिता** : रु १,१५,८६०/४१
**जम्मा लागत** : रु ११,१५,८६०/४१

**ओम प्रसाद गुरुङ**
अध्यक्ष
**भगवती आधारभुत विद्यालय खेल मैदान निर्माण निर्माण उपभोक्ता समिति**
पोखरा-२२, कास्की


# छोरेपाटन माबि भुपु विद्यार्थी मञ्चको शुभकामना आदानप्रदान कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

छोरेपाटन माबी भुपु विद्यार्थी मञ्चको आयोजनामा भित्तेपात्रो लोकार्पण तथा नव बर्ष २०८१ को शुभकामना आदानप्रदान कार्यक्रम शनिबार सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि छोरेपाटन माबि विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष बद्रीनाथ पहारीले भित्तेपात्रो लोकार्पण सहित कार्यक्रमको उद्घाटन गर्दै भुपु विद्यार्थी मञ्चले विद्यालयलाई साथ र सहयोग पुग्ने बिश्वास व्यक्त गरेका थिए। सो अबसरमा समाजका विद्यालयका प्रधानाध्यापक डिल्लीराम शर्मा, सहायक प्रधानाध्यापकहरु खेमराज बराल र मेघनाथ पौडेल, खेल शिक्षक दिपक सुनार, पुर्व विद्यार्थीहरु राजकुमार रानाभाट, कविता गुरुङ कवि, किरण पौडेल, राजेश गुरुङ, जयश्वर पौडेल, लक्ष्मी अधिकारी लगाएतले भुपु विद्यार्थी र बिद्यालय दुई संस्था एक उद्देश्य



हुनुपर्ने बताउँदै शुभकामना व्यक्त गरेका थिए। मञ्चका संस्थापक अध्यक्ष दिपकराज बरालले भुपु विद्यार्थी मञ्चको आबश्यकता महशुस गरी २०६१ सालमा संस्था दर्ता गरेर आफ्नो कार्यकालमा सक्रिय भएको भएता पनि त्यस पछि विविध कारणले संस्थाका गतिविधि तथा नविकरण नै नभएको अबस्थामामा हाल भुपु विद्यार्थीहरु सकृय भएको पाउँदा अत्यन्तै खुशी लागेको बताए। मञ्चका अध्यक्ष कृष्ण रानाभाटले आजिवन सदस्यहरुलाई प्रमाण पत्र वितरण गर्दै छोरेपाटन माविमा अध्ययन गरेका पुर्व विद्यार्थीहरुले लामो समय देखि छुट्टाछुट्टै कार्यक्रम गरिरहेकोमा पुर्व विद्यार्थीहरुको आधिकारिक प्रतिनिधित्व हुने गरी संस्थालाई पुनर्जीवन दिएको बताए। संस्थाको सदस्यता लिन दिनप्रतिदिन पुर्व विद्यार्थी उत्सुक भएको पनि बताए।

मञ्चका अध्यक्ष रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष तथा बनभोज कार्यक्रमका संयोजक हिमलाल पौडेलले स्वागत र सचिव शालिकराम भण्डारीले कार्यक्रम संचालन गरेका थिए।

# नाडा गण्डकी प्रदेशको नि: शुल्क स्वास्थ्य शीविर



पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

नेपाल आयुर्वेद औषधि व्यवसायी संघ, गण्डकी प्रदेशले स्याङ्जाको फेदिखोलामा निशुल्क आयुर्वेद स्वास्थ्य शीविर सम्पन्न गरेको छ।

सस्थाका अध्यक्ष दिपक भुसाल को अध्यक्षता, जनक पराजुलीको प्रमुख आतिथ्यता, कृष्ण राउत को सम्योजन एबम अमोर सेवा नेपालले समन्वय गरेको शीविरमा २७५ जना विरामिहरुले लाभ लिएका थिए भने करिव २ दुई लाख तेत्तीस हजारको आयुर्वेद औषधि निःशुल्क वितरण गरिएको थियो। शिविरमा डा. दिपक भुसाल र डा. उत्सव पौडेलद्वारा विरामी परिक्षण गरिएको थियो। कार्यक्रममा केन्द्रिय चार प्रदेश संयोजक राजु कुमार पौडेल, अल नेपाल होमियोपेथिक एशोसिएसन गण्डकी प्रदेश अध्यक्ष डा. विष्णु प्रसाद चापागाईं, सस्थाका उपाध्यक्ष विष्णा शर्मा, सचिव रमेश चापागाईं, कोषाध्यक्ष राजेन्द्र अधिकारी र सदस्य केवि थापा को उपस्थित रहेको थियो। सस्थाले चैत्र ३० गते रामकोटमा विशेष कार्यक्रम आयोजना गरि क्यालेन्डर विमोचन गरेको थियो।

यसैगरी वैशाख १ गते अशवगन्धा, अमला, टिमुर, सत्यजीवन, वोजो लगायतका जडिबुटी बिरुवा रोपन तथा स्थानीय आमा आमूहलाइ आयुर्वेद स्वास्थ्य जनचेतना कार्यक्रम र अमोर सेवा नेपाल, बालगृह लाई रु ५०,००० आर्थिक सहयोग गरेको थियो।

# ढोरपाटन सिकार आरक्षमा वन्यजन्तु सप्ताह मनाइँदै

पोखरापत्र संवाददाता
बागलुङ, २ बैशाख

नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा वन्यजन्तु सप्ताह सुरु भएको छ।

वन तथा वन्यजन्तु संरक्षणका लागि ढोरपाटन सिकार आरक्षले वन्यजन्तु सप्ताह थालेको हो। वैशाख १ गतेदेखि सुरु भएको कार्यक्रम ७ गतेसम्म सञ्चालन हुने छ। यस अवसरमा स्थानीयवासीलाई वनजङ्गल र वन्यजन्तु संरक्षण सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको ढोरपाटन सिकार आरक्षका संरक्षण अधिकृत पशुपति अधिकारीले जानकारी दिनुभयो। पहिलो दिन प्रभात फेरीसहित जनचेतनामूलुक कार्यक्रम गरिएको थियो। सात दिनसम्म आरक्षण क्षेत्रको संरक्षणमा स्थानीय नागरिकलाई अपनत्व हुने प्रशिक्षण दिइने उहाँको भनाइ छ।


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८०/१२/३०

कास्की जिल्ला मौजे आर्वा १ नं. का जि.मु. मुक्तिनाथको बालकृष्ण जिम्मा भुक्ता १९९० सालको खेत दर्तामा मेरा बुढा ससुरा देवि प्रसाद पाध्याका नाउँमा मोठ नं. १४७ मोही नं. १५४ कि.नं. १३३७ मा.मु। ३ लागि दर्ता भएको अंशबाट मेरो श्रीमान बाबुराम सिग्देलको हक भएको मा.सु १।१० भएको भु.सु. ७ नं. फाराममा क्र.स.२६ मेरा लगत दिएको तिरो। ६८ लागेको नाप नक्सा आर्वा ४ को कि.नं. ६५८ क्षे.फ. १-०-०-३ कायम भै ना.स.वि.अ. र समितिको निर्णयले दर्ता हुने निर्णय भएको कित्ता जग्गा -१। जिल्ला कास्की मौजा अर्वा ३ न. का जि.मु. जैकृष्ण मुक्तिनाथ पाध्या जिम्मा मोठ नं. ४८ द्र.नं. २९ मेरा बुढा ससुरा देवीप्रसाद पाध्याका नाउँमा दर्ता भएको अंशबाट मेरा श्रीमान बाबुराम सिग्देलको नाउँमा कायम भई भू.सु. ७ नं. फाराममा क्रमश २४,२५ र २७ मा लगत दिएको मेरा श्रीमान बाबुराम सिग्देलले तिरो तिरेको तिरो क्रमश रु ६८, रु ४ रु ३३ लागेको सर्भे नापीमा कि.नं. ६७३,६८३ र ६५५ कायम भएको ना.सा.वि.अ.र समितिको को ऐ.ऐ. निर्णयले दर्ता हुने भनी निर्णय गरेको र पुनरावेदन अदालत पोखराको च.नं. ४४२५ मिति २०७०/०३/१७ को पत्रानुसार पुनरावेदन नपरेको भनी उल्लेख भै आएकोले कि.नं. ६५५ पुरा कि.नं. ६७३ र ६८३ मध्येबाट भोग बमोजिम मेरा श्रीमान बाबुराम सिग्देलको मिति २०८०।०७।०९ मा मृत्यु भएकोले म हकवाला एकमात्र श्रीमती ददी देवी सिग्देलको नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला साविक आर्वा वडा नं. ४ हाल पोखरा १३ बस्ने ददि देवी सिग्देलको माग निवेदन भएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारबाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैलिस) दिन भित्र सवुद प्रमाण सहित दाबी उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर बाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | फिल्डबुकको नाम |
|---|---|---|---|---|---|---|
| कास्की | आर्वा | ४ | ६५८ | १-०-०-३ | पाखो | बाबुराम सिग्देल |
| कास्की | आर्वा | ४ | ६५५ | १-५-१-२ | पाखो | |
| कास्की | आर्वा | ४ | ६७३ | ४-३-२-२ मध्ये | पाखो | |
| कास्की | आर्वा | ४ | ६८३ | ५-१०-१-० मध्ये | खेत | |

ईति संवत २०८० साल चैत्र ३० गते रोज ६ शुभम्।

# कस्केली अधिकृत समाजद्वारा डहरे देउराली, अन्धाअन्धी लगायतको प्रवर्द्धन गर्दै

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख



कस्केली अधिकृत समाजले यही वैशाख ८ गते स्याङ्जा र पर्वत जिल्लाका सीमा क्षेत्रमा पर्ने डहरे देउराली, अन्धाअन्धी दह लगायतका धार्मिक पर्यटकीय स्थलको प्रवर्द्धन गर्ने भएको छ।

समाजको वार्षिक कार्यक्रम अनुसार प्रत्येक वर्ष पोखरा र आसपासका धार्मिक पर्यटकीय गन्तव्यको प्रवर्द्धन गरिदै आएकोमा यस वर्ष डहरे देउराली, अन्धाअन्धी दह लगायतका स्थानलाई समेटिएको कस्केली अधिकृत समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीले जानकारी दिनुभयो । पोखरा पर्यटन राजधानी घोषणा भैसकेका अवस्थामा पोखरा आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धन हुनु जरुरी रहेको अवस्थालाई दृष्टिगत गर्दै यस वर्ष डहरे देउराली, अन्धाअन्धी दह लगायतका स्थानको प्रवर्द्धनात्मक भ्रमण गर्न लागिएको उहाँले बताउनुभयो ।

धार्मिक एवम् पर्यापर्यटनका दृष्टिले आकर्षक गन्तव्य डहरे देउराली एवम् अन्धाअन्धी दहको दर्शन गरेमा मनोकांक्षा पूरा हुने प्राचीन जनविश्वास समेतले टाढाटाढाबाट दर्शार्थीहरू आउने गर्दछन् । पछिल्ला समयमा यी स्थलको संरक्षण र प्रवर्द्धनमा विभिन्न संघ संस्थाले जोड दिदै आएका छन् । समाजले यस अघिका वर्षमा पनि विभिन्न गन्तव्यको प्रवर्द्धनात्मक भ्रमण सम्पन्न गरेको कस्केली अधिकृत समाजका सचिव महेश पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार समाजले स्याङ्जाको धार्मिक एवम् ऐतिहासिक स्थल नुवाकोटस्थित काला भैरव मन्दिर, बाग्लुङको पञ्चकोट, बाग्लुङ कालिका, पर्वत बाग्लुङका अग्ला पुलहरूको प्रवद्धनात्मक भ्रमण गरिसकेको छ । प्रवर्द्धनात्मक भ्रमणलाई लक्षित गरी कार्यसमिति सदस्य वासुदेव पौडेलको संयोजकत्वमा वसन्त चालिसे, चन्द्रवती अधिकारी, सन्तोष ढुङ्गाना र सुमित्रा उदाश(मल्ल) सदस्य रहनुभएको उपसमिति समेत गठन गरिएको छ। भ्रमणकै अवसरमा समाजले प्रकाशन गरेको नयाँ वर्ष २०८१ को क्यालेन्डर लोकार्पण गरिने भएको छ । क्यालेन्डर प्रकाशनका लागि समाजका सचिव महेश पौडेलको संयोजकत्वमा विष्णुप्रसाद पोखरेल र वासुदेव पौडेल सदस्य रहनुभएको उपसमिति पनि गठन गरिसकिएको समाजले जनाएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८ सराङकोट, कास्की पदेली खपौडी कृषि सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः पदेली खपौडी कृषि सडक स्तरोन्नती
ठेगानाः पोखरा-१८, सराङकोट, कास्की
योजना शुरु हुने मितिः २०८०/०९/०५ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. ५५,६०,०१०/७५
महानगरपालिकाबाटः रु. ५०,००,०००/-
जनसहभागिताबाटः रु.५,६०,०१०/७५
अध्यक्षः अम्बर बहादुर थापा
सचिवः राजकिशोर थापा, कोषाध्यक्षः विन्दु थापा
सदस्य संख्याः ११ जना, महिला संख्याः ३ जना
इन्जिनियरः महेन्द्र गोदार, जु.ई.: प्रशान्त बराल

**पदेली खपौडी कृषि सडक स्तरोन्नती**
**उपभोक्ता समिति पोखरा-१८, सराङकोट, कास्की**


# नयाँ वर्षमा पर्यटकीय क्षेत्र कुश्मा पर्यटकको घुइँचो

पोखरापत्र संवाददाता
पर्वत, २ बैशाख

साहसिक पर्यटकीय पूर्वाधार बढेसँगै पर्वतमा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढेको छ।

विभिन्न सङ्घसंस्थाले अध्ययन तथा अवलोकन भ्रमणका गन्तव्यसमेत पर्वतको सदरमुकाम कुश्मा क्षेत्रलाई बनाइरहेका छन् । कुश्मा बजारमा बनेको विश्वकै दोस्रो अग्लो बञ्जीजम्प, विश्वकै दोस्रो लामो सुपरम्यान शैलीको जीपलाइन, नेपालकै अग्ला र लामा झोलुङ्गे पुलले आन्तरिक पर्यटकलाई आकर्षित गरेको हो । नयाँ वर्ष प्रारम्भ र चैतेदसैंको बेला भएकाले दैनिक हजारौंको सङ्ख्यामा आन्तरिक पर्यटक भित्रिने गरेका छन् ।


## शिक्षक आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/०३)

**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पोखरा-१४, कास्की**का लागि निम्न लिखित रिक्त पदमा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८० चैत्र २६ गतेको निर्णय अनुसार करार सेवामा शिक्षक नियुक्त गर्न आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरिकले यही वैशाख १७ गते अपरान्ह ४ बजेभित्र आफ्ना सम्पूर्ण शैक्षिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र सहित अन्य आवश्यक कागजातका प्रतिलिपि संलग्न गरी आफ्नै हस्ताक्षरमा दरखास्त लेखी यस विद्यालयमा बुझाउन अनुरोध छ।

| क्र.स. | पद | तह | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | शिक्षक | मा.वि.<br>(तृतीय श्रेणी) | विज्ञान | १ | विज्ञान विषय लिई स्नातक वा सो सरह उत्तीर्ण। |

तलब सुबिधा : नेपाल सरकारको नियमानुसार।
परीक्षा दस्तुर : १५००।-
परीक्षा किसिम : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन।
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।
सम्पर्क मिति : २०८१ साल वैशाख १८ गते।
अध्यापन अनुमति पत्र सम्बन्धमा : सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्नेछ।
उमेर हद : दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
परीक्षा दस्तुर वापतको रकम राष्ट्रिय बाणिज्य बैंकको अमरसिंह चोकको विद्यालयको नाममा रहेको खाता नं ३४८०१०००१०७१३००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाईन पेमेन्ट भौचर निवेदन सहित संलग्न गर्नुपर्नेछ।
**(नोट : यस विद्यालयमा आवासीय रुपमा पठनपाठन गरिने भएकाले छात्रावासमा बसेर जिम्मेवारी बहन गर्नेलाई प्राथमिकता दिइनेछ।)**

**विस्तृत जानकारीको लागि सम्पर्क :**
**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा-१४, कास्की**
**सम्पर्क नं. ९८४६१४७६३६ वा ९८६९१४७५११**



## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०१/०३)

**यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासंग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पत्रिका मार्फत सार्वजनिक सूचना जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम ३५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।**

**तपशिल :**

| क.स. | ऋणी सदस्य एवं धन जमानतको नाम थर | धितो विवरण |
|---|---|---|
| १ | ● बखत नारायण श्रेष्ठको बुहारी शंकरनारायण श्रेष्ठको श्रीमती तनहुँ जिल्ला ब्यास न.पा वडा नं.- १० बस्ने<br>**ऋणी : सरिता कुमारी श्रेष्ठ**<br>● बिष्णु नारायण श्रेष्ठको बुहारी बखत नारायण श्रेष्ठको श्रीमती तनहुँ जिल्ला ब्यास न.पा वडा नं.- १० बस्ने<br>**धनजमानत : बाल कुमारी श्रेष्ठ**<br>● बिष्णु नारायण श्रेष्ठको नाती बखतनारायण श्रेष्ठको छोरा तनहुँ जिल्ला ब्यास न.पा वडा नं.- १० बस्ने<br>**धनजमानत : शंकरनारायण श्रेष्ठ** | **सरिता कुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको कलुर्ङ गा.वि.स. वडा नं. ६ क कित्ता नं. १२८९ को क्षेत्रफल ०-४-०-० र फराकचौर गा.वि.स.वडा नं.९/ञ को कित्ता नं.२४६५को क्षेत्रफल ०-१-२-० को जग्गा<br>**बालकुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.वि.स. वडा नं. ९/ञ को कित्ता नं.२४७४ को क्षेत्रफल ०-४-१-० को जग्गा |
| २ | ● धन नारायण श्रेष्ठको बुहारी पदम नारायण श्रेष्ठको श्रीमती काभ्रेपलाञ्चोक जिल्ला रयाले गा.बि.स. वडा नं.- ०५ घर भई हाल पोखरा म.न.पा. वडा नं. १८ बस्ने<br>**ऋणी : निरु श्रेष्ठ**<br>● रत्नलाल श्रेष्ठको नाति धन नारायण श्रेष्ठको छोरा काभ्रेपलाञ्चोक जिल्ला रयाले गा.बि.स. वडा नं.- ०५ घर भई हाल पोखरा म.न.पा. वडा नं. १८ बस्ने<br>**धन जमानत : पदम नारायण श्रेष्ठ**<br>पुरुषोत्तम उपाध्यायको नाति पदमप्रसाद उपाध्यायको छोरा स्याङजा जिल्ला चिलाउने गा.बि.स. वडा नं. ३ घर भई हाल पोखरा म.न.पा. वडा नं. ८ बस्ने<br>**धन जमानत : हरिहर सापकोटा** | **निरु श्रेष्ठ**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको ग्यारजाती गा.बि.स.५ सिट नं.०९३०८७७ को कित्ता नं १४५५ को क्षेत्रफल ०-१४-०-० को जग्गा |
| ३ | ● मक्कर बहादुर के.सी.को बुहारी भरत के.सी.को श्रीमति कास्की जिल्ला पोखरा म.न.पा.वडा नं. १० घर भई हाल पोखरा म.न.पा. वडा नं. १० बस्ने<br>**ऋणी : गिता के.सी.**<br>● हर्क बहादुर के.सी.को नाति मक्कर बहादुर के.सी.को छोरा कास्की जिल्ला पोखरा म.न.पा.वडा नं. १० घर भई हाल पोखरा म.न.पा. वडा नं. १० बस्ने<br>**धनजमानत : भरत के.सी.** | **गिता के.सी.**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.वि.स. वडा नं. १ सिट नं.०९४११२६०३ को कित्ता नं. ९१९४ को क्षेत्रफल ०-५-१-० को जग्गा<br>**भरत के.सी.**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको रुपाकोट गा.वि.स. वडा नं. १ सिट नं.०९४१२०९०० को कित्ता नं. ८२७ को क्षेत्रफल ३-३-०-२ को जग्गा |
| ४ | ● हस्त बहादुर दुराको बुहारी नर बहादुर दुराको श्रीमती तनहुँ जिल्ला घाँसीकुवा गा.बि.स. वडां नं ६ घर भई हाल पोखरा म.न.पा. वडां नं ११ बस्ने<br>**ऋणी : टिका दुरा**<br>● मन बहादुर दुराको नाति हस्त बहादुर दुराको छोरा तनहुँ जिल्ला घाँसीकुवा गा.बि.स. वडां नं ६ घर भई हाल पोखरा म.न.पा. वडां नं ११ बस्ने<br>धन जमानत : नर बहादुर दुरा<br>● विल बहादुर गुरुङको बुहारी दिलीप गुरुङको श्रीमती तनहुँ जिल्ला फिरफिरे गा.बि.स.वडा नं. १ घर भई हाल तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. १२ बस्ने<br>**धनजमानत : सोम कुमारी गुरुङ** | **टिका दुरा**को नाममा मालपोत कार्यालय कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.बि.स.वडां नं ३ सिट नं. ३च को कित्ता नं ३८१ को क्षेत्रफल २-०-०-० को जग्गा |
| ५ | ● बर्से घर्तिको नाती इन्द्र बहादुर घर्तीको छोरा कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**ऋणी : टेक बहादुर घर्ती**<br>● इन्द्र बहादुर घर्तिको नाती टेक बहादुर घर्तिको छोरा कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**धनजमानत : लाल बहादुर घर्ती**<br>● इन्द्र बहादुर घर्तीको नाती टेक बहादुर घर्तिको छोरा कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**धनजमानत : बुद्वि बहादुर भुजेल**<br>● टेक बहादुर घर्तिको बुहारी लाल बहादुर घर्तिको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**धनजमानत : चन्द्रा घर्ती**<br>● टेक बहादुर घर्तीको बुहारी बुद्वि बहादुर भुजेलको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**धनजमानत : पुनम भुजेल** | **टेक बहादुर घर्ती**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला भरतपोखरी गा.वि.स. वडा नं. २ सिट नं.०९४१२८३ को कित्ता नं. ४५९,४४३,४५१,४३६,४४८,४५६,२५५,४३९ को क्षेत्रफल ०-८-३-३,०-८-२-२,०-१-३-२,१-१-२-१,०-४-१-०,०-५-२-१,०-१-०-२,१-६-०-२ को जग्गा |
| ६ | ● रमानाथ सापकोटाको नाती कुलप्रसाद सापकोटाको छोरा तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. ०२ बस्ने<br>**ऋणी : उमाकान्त सापकोटा**<br>● कुलप्रसाद सापकोटाको बुहारी उमाकान्त सापकोटाको श्रीमती तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं.०२ बस्ने<br>**धनजमानत : केशरी सापकोटा**<br>● कुलप्रसाद सापकोटाको नाती उमाकान्त सापकोटाको छोरा तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं.०२ बस्ने<br>**धनजमानत : सरन सापकोटा**<br>● उमाकान्त सापकोटाको बुहारी सरन सापकोटाको श्रीमती तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं.०२ बस्ने<br>**धनजमानत : सीता सापकोटा** | **उमाकान्त सापकोटा**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको उदेनढुङा गा.वि.स.वडा नं.२/छ कित्ता नं. ८० सिट नं. २/छ को क्षेत्रफल ३-६-०-१, उदेनढुङा गा.वि.स.वडा नं.१/ङ कित्ता नं. १६२,४८० सिट नं. १/ङ को क्षेत्रफल ०-८-०-२,<br>०-८-०-० को जग्गा |
| ७ | ● नरनाथ कमर जोगीको बुहारी बालहरी कमर जोगीको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० घर भै हाल पोखरा म.न.पा. वडा नं. ३० बस्ने<br>**ऋणी : जानकी कमर जोगी**<br>● नरनाथ कमर जोगीको नाती बालहरी कमर जोगीको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० घर भै हाल पोखरा म.न.पा. वडा नं. ३० बस्ने<br>**धनजमानत : जीवन हरी कमर जोगी** | **जानकी कमर जोगी** को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. ९ सिट नं. ०९४११२७४ को कित्ता नं. ६०९६ को क्षेत्रफल ०-७-३-३ को जग्गा |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-538833, 537833, 520833, 520933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com